# रौतहटको इनर्वामा माओवादीद्वारा अपहरणपछि हत्या गरिएको सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन २०६३

प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३ जेठ १७ गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौं ।

# घटना अध्ययन टोलीको नामावली

१. बाबुराम विश्वकर्मा, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय
२. विपिन गौतम, इन्सेक मानवअधिकार वर्षपुस्तक प्रतिनिधि रौतहट
३. रोशनराज अर्याल, इन्सेक मानवअधिकार वर्षपुस्तक प्रतिनिधि, बारा
४. सूर्य भण्डारी, मानव अधिकार जागरण केन्द्र, बारा
५. फणिन्द्र महत, रेडियो बीरगंज सम्वाददाता, रौतहट
६. चन्द्रा आर्चाय, माइती नेपाल रौतहट
७. अनन्त अधिकारी, नेपाल बार एसोसिएसन रौतहट

**घटना भएको मितिः ०६३ जेठ ८ गते**
**अध्ययन गरिएको स्थानः बसन्तपट्टी र इनर्वा, रौतहट**
**अध्ययन गरिएको मितिः ०६३ जेठ १२ गते**

# घटनाको सारांश

रौतहट बसन्तपट्टी गाविस ६ स्थित नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य जोगेन्द्र सहनीको घर अगाडि ०६३ जेठ ८ गते बिहान ७ बजे माओवादीले कोणसभाको आयोजना गरेका थिए । कोणसभा सकिएपछि माओवादी कार्यकर्ता जोगेन्द्र सहनीको घरमा प्रवेश गरी सकेट बम बिष्फोट गराए । बम विष्फोटलगतै माओवादीले सहनीका दुई भाइ छोरा श्यामसुन्दर सहनी र शम्भु सहनीलाई घरबाट अपहरण गरी अज्ञातस्थलतर्फ लगे । माओवादीले उनीहरूलाई अपहरण गरेपछि इन्सेक जिल्ला प्रतिनिधि विपिन गौतम र रेडियो बीरगंजका स्थानीय सम्वाददाता फणिन्द्र महतलाई अपहरिहतलाई जिम्मा लिन घटनास्थलतर्फ बलाएका थिए । तर मानवअधिकारकर्मीलाई जिम्मा लगाउनुको सट्टा माओवादी कार्यकर्ताले अपहरण गरेको साँझ इनर्वा गाविसको बकैया नदीको किनारमा दुबै जनाको हत्या गरेको पाइयो ।

माओवादीले अपहरण गरेका श्यामसुन्दर सहनी र शम्भु सहनीलाई इनर्वा गाविसको एक विद्यालयमा पुऱ्याएर स्थानीय बासिन्दालाई भेला पारेका थिए । सो भेलामा कोणसभा गरेर अपहरितहरुलाई मानवअधिकारकर्मीको जिम्मा लगाउने भनिए पनि सोही भेलामा गाँउलेको भेष धारण गरेर आएका माओवादीले उनीहरुको ज्यान लिएका थिए । माओवादीले अपहरितलाई जिम्मा लिनका लागि बोलाएका इन्सेक जिल्ला प्रतिनिधि विपिन गौतम र पत्रकार फणिन्द्र महतलाई पनि कुटपिट गरेका थिए । माओवादी कार्यकर्ताको आक्रमणका कारण गौतम र महत बकैया नदिको किनारै किनार भागेर ज्यान बचाउन सफल भएको पाइयो । सरकार र माओवादीबीच युद्धविराम भएको अवस्थामा माओवादीले सहनीद्वयको अपहरणपछि हत्या गरेका कारण यस घटनाबाट आफूलाई जोगाउनका लागि माओवादीले सर्वसाधरणलाई हत्याको दोषी देखाउने नियोजित षडयन्त्र गरेको पाइयो ।

इनर्वामा स्थानीयवासी भेषमा आएर सहनीद्वयलाई कुटपिट गरी हत्या गर्ने कार्यकर्ता मानवअधिकारकर्मीको टोली जेठ १२ गते घटनास्थलमा पुगेर फर्किदा बाटोमा माओवादीको झण्डा तथा ब्यानरमा भेटिएका थिए । ती माओवादीले इनर्वा घटनामा माओवादी रौतहटका सचिव राजेन्द्र पटेलको आदेशमा भएको बताएका थिए ।

# घटना विवरण

२०६३ साल जेठ ८ गते बिहान ७ बजे माओवादीका जिल्ला जनसरकार उपप्रमुख तथा एरिया २ का इन्चार्ज प्रज्वलको नेतृत्वमा करिव ४०-५० जनाको माओवादी कार्यकर्ता रौतहट जिल्लाको बसन्तपट्टी गाविस ६ स्थित नेपाली काँग्रेस जिल्ला कार्यसमिति सदस्य जोगेन्द्र सहनीको घर नजिक कोणसभा गर्न जम्मा भएका थिए । उनको घरमा यसअघि माओवादीले दुई पटक आक्रमण गरेका थिए । यही कारण माओवादीको डरले गर्दा घरका सदस्यहरू मेन गेटमा ताल्चा लगाई घरभित्र बसिरहेका थिए । कोणसभा सकिएपछि माओवादीका नेता प्रज्वलले सहनीको घरमा गएर मेरो मोबाइलले काम गरेन यो घरको छतमा गएर फोन गर्नु पर्‍यो भन्दै घरको ढोका खोल्न लगाएका थिए ।

सहनीको परिवारले हामी ढोका ढोका खोल्दैनौं भने पनि केही माओवादी घर पछाडिबाट छतमा चढी घरभित्र प्रवेश गरिसकेका थिए । माओवादी जर्वजस्ती घरभित्र प्रवेश गरी ७५ वर्षीय वुधियादेवी सहनी, प्रभु सहनी, शर्मिलादेवी सहनी, गीतादेवी सहनीलाई कुटपिट गर्दै घरमा सकेट बम  विष्फोट गराए । विष्फोटबाट जोगेन्द्र सहनीकी पत्नी ५५ वर्षीय अनारकलीदेवी सहनी घाइते भइन । त्यसपछि माओवादीले जोगेन्द्र सहनीका दुई भाइ छोराहरु क्रमश : श्यामसुन्दर सहनी र सम्भु सहनीलाई दुई नाल बन्दुकसहित अपहरण गरी ट्याक्टरमा राखेर अज्ञातस्थलतर्फ लगे ।

यस घटनाको जानकारी सोही दिन ११ बजे पाएपछि मानवअधिकारकर्मी तथा पत्रकारको टोली माओवादीको जिल्ला नेतृत्वसँग फोन सम्पर्क गरी घटनास्थलतर्फ गएको थियो । माओवादीको जिल्ला नेतृत्वले अपहरितलाई मुक्त गर्ने बचन दिई इन्सेक जिल्ला प्रतिनिधि विपिन गौतम र पत्रकार फणिन्द्र महतलाई रौतहट जिल्लाको इनर्वा गाविसमा जान भनिएपछि दुई जनाको टोली साँझको ५ बजे इनर्वा गाविस पुगेको थियो । त्यतिबेला अपहरितहरुलाई प्रावि इनर्वामा राखिएको थियो  । सो स्थानमा करिव २ हजार जनता भेला भएका थिए । टोली त्यहाँ पुगेपछि स्थानीय बासिन्दाको भेषमा आएका माओवादीले घेरी डाका छुटाउन आएका भन्दै टोलीमाथि आक्रोश व्यक्त गरे । साथै अपहरितलाई कुटपिट गर्न थाले ।

श्यामसुन्दर सहनी र सम्भु सहनीलाई मुक्त गर्नुको साटो उल्टो कुटपिट गर्न थालेपछि मानवअधिकारकर्मीले माओवादी नेता प्रज्वलसँग आपत्ति प्रकट गरे । त्यसपछि पीडितलाई विद्यालयबाट ३ सय मिटर उत्तरमा रहेको वकैया नदीको किनारमा पुर्‍याए । त्यस ठाँउमा पनि करिब एक हजार  जनाको भीड जम्मा भएको थियो । माओवादीको नेतृत्वमा रहेको सो भीडले अपहरित कव्जामा लिएर यातना दिन थाले भने अपहरितलाई छुटाउन गएका इन्सेक जिल्ला प्रतिनिधि विपिन गौतममाथि हातपात गर्न थाले । पत्रकार फणिन्द्र महतलाईप कुटपिट गर्न लखेटेका थिए ।

स्थानीय बासिन्दा र पीडित परिवारका अनुसार सहनीद्वयलाई माओवादी कार्यकर्ताले सोही दिन साँझ सहनी दाजु भाइलाई बकैया नदीको किनारामा हत्या गरेर लास त्यही ठाउँमा गाडेका थिए । उनीहरूको लास मानवअधिकारकर्मीको आग्रह अनुसार जेठ १२ गते बिहान प्रहरीले बकैया नदीको किनारामा गाडिएको अवस्थामा फेला पारेको थियो । प्रहरी तथा स्थानीयबासीका अनुसार एक जनाको लासको टाउको गायब बनाइएको छ भने अर्कोको लिङ्ग काटिएको अवस्थामा फेला परेको छ ।

## घटना सम्वन्धमा सरोकारवालाको भनाई

**शशिभुषण सहनी, जोगेन्द्र सहनीका कान्छो छोरा**

माओवादीले हाम्रो घर नजिक सभा गरे , हामी डरले घरमा ताल्चा लगाएर बस्यौं । माओवादीका जिल्ला जनसरकार उपप्रमुख राजेन्द्र पटेल ( प्रज्वल ) आएर हामीलाई घरको ताल्चा खोल्न भने, हामीले खोल्न नमानेपछि घरको पछाडिबाट ५-६ जना माओवादी घरभित्र प्रवेश गरेपछि हामीले ढोका खोल्यौं । त्यसपछि मेरो दाजु श्यामसुन्दर सहनी र सम्भु सहनीलाई हामीसँग भएको २ नाल बन्दुक सहित कबजामा लिए । त्यसपछि हाम्रो घरमा माओवादीले सकेट बम विष्फोट गराए । दाजुहरूलाई माओवादीले कुटपिट गर्दै लगे ।

**प्रभु सहनी, जोगेन्द्र सहनीका भतिजा**

कोणसभापछि घरको पछाडिबाट ४-५ जना माओवादी छतमा चढी घरभित्र प्रवेश गरे । त्यसपछि उनीहरूले काकाहरु  अपहरण गरी घरमा सकेट वम विष्फोट गराए । हजुरआमा अनारकली देवी घाइते हुनुभयो । माओवादीले काकाहरूलाई कुटपिट गर्दै लगेका थिए । त्यसपछि हत्या गरेको सुनियो ।

**शर्मिलादेवी सहनी, मृतक शम्भु सहनीकी पत्नी**

माओवादीले हाम्रो घर अगाडि आएर सभा गरे । डरले घरको मेन गेटमा ताल्चा लगाएर बस्यौं । माओवादीका नेता आएर हामीलाई ढोका खोल्न भने हामीले नमानेपछि घरभित्र प्रवेश गरी सकेट बम विष्फोट गराए, सासु अनारकलीदेवी घाइते हुनु भयो । त्यसपछि माओवादीले मेरा पति र देवरलाई अपहरण गरी साँझ इनर्वा गाविसमा लगेर हत्या गरेको सुनियो । हत्या माओवादीले नै गरेका हुन । मेरा दुई छोरा र एक छोरी छन । उनीहरुलाइ कसरी पाल्ने हो ? समस्या थपिएको छ । हत्यारा माओवादीलाई कारवाही गरियोस् ।

**गितादेवी सहनी, मृतक श्यामसुन्दर सहनीकी पत्नी**

माओवादीले मेरा पति र जेठाजु शम्भु सहनीलाई अपहरण गर्रा साँझ इनर्वा गाविसमा लगेर हत्या गरेको सुनियो । हत्या माओवादीले गरेका हुन । मेरा दुई छोरा र एक छोरी छन ।

**घटना सम्वन्धमा स्थानीय वासिन्दाको भनाई**

सो घटनाको सम्वन्धमा इनर्वा गाविसका स्थानीय बासिन्दाले कुनै कुरा खोल्न चाहेनन । मानवअधिकारकर्मीको टोली गाउँमा पुग्दा युवा र युवती कोही पनि देखिएनन् ।

**६५ वर्षीय एक  महिला, इनर्वा**

इनर्वामा माओवादीले दुई जनालाई हात बाँधेर जेठ ८ गते बिहान करिव ११  बजे ल्याएका थिए । उनीहरूलाइ नराम्ररी कुटपिट गरिएको थियो । दिनभर दुवै जनालाई गाँउमा नै राखे । साँझको ५ बजे पत्रकार र मानवअधिकारवादी आए । अपहरण गरी ल्याइएका दुई जनालाई स्कुलको चउरमा राखियो । माओवादीहरू आफैं गाउँले बनेका थिए । माओवादीलेनै कव्जामा लिएका दुई जनालाई कुटपिट गरि हत्या गरेका हुन । आठ घण्टासम्म गाउँमा नै राखेका व्यक्तिलाई गाउँले मार्ने भए साँझसम्म कुर्ने थिएनन । यो सबै माओवादीको चाल हो ।

**४० वर्षिया एक पुरुष, इनर्वा**

माओवादीले कव्जामा लिएका व्यक्तिलाई पहिला नै कुटपिट गरि ल्याएका थिए । गाउँमा राख्दा गाउँलेले केही गरेका थिएनन । माओवादीले वरपर गाउँका आफना कार्यकर्ता र समर्थकलाई बोलाई गाउँलेको भेषमा

राखिसकेका थिए । ५ बजे गाउँलेको भेषमा रहेका माओवादीले अपहरित र मानवअधिकारकर्मीलाई कुटपिट गर्न थाले । माओवादीले नै कुटपिट गरी हत्या गरेका हुन । हामी गाउँलेले मार्ने भए माओवादीको कबजामा रहेका दुबैजनालाई गाउँमा ८ घण्टासम्म राख्दा दिउँसै मार्ने थियौं ।

**घटना सम्वन्धमा माओवादी**

घटना भएको भोलिपल्ट जेठ ९ गते माओवादीले पत्रकार सम्मेलनको आयोजना गरि सो घट्ना नचाहदा नचाहदै हुन गएको दुखद घटना भन्दै घटनाप्रति दुख व्यक्त गरेको थियो । यस्तो घटना नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त गरेको थियो । माओवादीले यो घटना स्थानीय बासिन्दाबाट भएको दावी गरेको छ ।

## निचोड तथा सुझाव

रौतहट बसन्तपट्टी गाविस ६ स्थित नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य जोगेन्द्र सहनीको घर अगाडि ०६३ जेठ ८ गते बिहान ७ बजे माओवादीले कोणसभाको आयोजना गरेका थिए । कोणसभा सकिएपछि माओवादी कार्यकर्ता जोगेन्द्र सहनीको घरमा प्रवेश गरी सकेट बम बिष्फोट गराए ।

बम विष्फोटलगतै माओवादीले सहनीका दुई भाइ छोरा श्यामसुन्दर सहनी र शम्भु सहनीलाई घरबाट अपहरण गरी अज्ञातस्थलतर्फ लगे । माओवादीले उनीहरूलाई अपहरण गरेपछि इन्सेक जिल्ला प्रतिनिधि विपिन गौतम र रेडियो बीरगंजका स्थानीय सम्वाददाता फणिन्द्र महतलाई अपहरिहतलाई जिम्मा लिन घटनास्थलतर्फ बलाएका थिए । तर मानवअधिकारकर्मीलाई जिम्मा लगाउनुको सट्टा माओवादी कार्यकर्ताले अपहरण गरेको साँझ इनर्वा गाविसको बकैया नदीको किनारमा दुबै जनाको हत्या गरेको पाइयो ।

युद्धविरामको समयमा माओवादीले सहनीद्वयलाई जर्वजस्ती घरमा पसी कब्जामा लिएर यातना दिएको पाइयो । माओवादीले सहनी दाजु भाईलाई कब्जामा लिएर हत्या गरेको घटनाले मानवअधिकार र मानवीय कानुनको घोर उल्लंघन भएको छ । सर्वसाधरण नागरिकको घरमा प्रवेश गरी बम विष्फोट गराएर सामान्य नागरिकलाई घाइते पारेका कारण माओवादी अझै पनि मानवअधिकार संवेदनशील नभएको देखिन्छ ।

तसर्थ माओवादीले रौतहटको इनर्वा हत्याकाण्डको जिम्मेवारी लिदैं घटनामा संलग्न कार्यकर्तालाई तत्काल कारवाही गर्नु पर्दछ । साथै माओवादीले सरकार माओवादीबीच कायम भएको युद्धविराम आचारसंहिताको कडाईका साथ पालना गर्नु पर्दछ ।